गुराँस गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश,नेपाल
☎०८९-५९०५०१

प.सं. २०८३।०८४ (पूर्वाधार शाखा) च.नं.:- १६१ मिति: २०८३/०५/११

विषय: कलात्मक गेट, ढुङ्गेधारा र मन्दिर निर्माणको दररेट (Rate Quotation)

श्री सम्बन्धित सबै निर्माण व्यवसायीहरु

गुराँस गाउँपालिका अन्तर्गत सञ्चालन हुने आगामी योजनाहरूका लागि कलात्मक मूल गेट, परम्परागत ढुङ्गेधारा, र मन्दिर निर्माण कार्यको लागत अनुमान (Estimate) तयार गर्नुपर्ने भएकाले सो कार्यका लागि आवश्यक पर्ने सामग्री, ढुवानी, कालिगढको ज्याला तथा जडान सहितको दररेट आवश्यक परेको छ। यस क्षेत्रमा कार्य गरिरहेका इच्छुक, अनुभवी तथा दर्तावाल निर्माण व्यवसायी, फर्म वा वर्कशपहरूले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आफ्नो आधिकारिक लेटरहेडमा तपसिल बमोजिमका कार्यहरूको प्रति-इकाई दररेट (Rate per Unit) र प्यान/भ्याट (PAN/VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि सहित यस कार्यालयमा वा कार्यालयको आधिकारिक इमेलमा दररेट पेश गर्नुहुन अनुरोध गरिन्छ।

<u>तपसिल (दररेट माग गरिएका मुख्य कार्यहरू):</u>

| क्र. स. | कामको विवरण | साईज | निर्माण सामाग्री | संख्या |
|---|---|---|---|---|
| १ | ढुङ्गे धारा (मक्कर धारा) | 48" लम्बाई, 48" चौडाई, 48" उचाई भएको ढुङ्गाको बेसमा नागल, सिधा ढुङ्गा र कार्नेस बाटं मक्कर धारा 10" बाहिर 10" भित्र 8" आई | ढुङ्गा | १ वट बेसमा २ वटा धारा भएको |
| २ | देवल | 12 कुना भएको देवल<br>40" लम्बाई<br>40" चौडाई<br>96" उचाई<br>4" ,5", 5.5" का नागल, सिधा ढुङ्गा र तलमाथि बुट्टा कार्नेस भएको 16 तहमा ढुङ्गाको जडान भएको | ढुङ्गा | प्रवेश द्वारमा दाँया र बाँया १/१ वटा |

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

गुराँस गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रानीमत्ता, दैलेख
कर्णाली प्रदेश,नेपाल

☎०८९-५१०५०१

प.सं. २०८३।०८४ (पूर्वाधार शाखा) च.नं.:- 969 मिति: २०८३/०५/११

| | | | | |
|---|---|---|---|---|
| ३ | शिखर शैली मन्दिर | 60" लम्बाई, 60" चौडाई र 60" उचाई र 12 वटा कुना भएको गोलो बुट्टा काटेको, कार्नेस तलमाथि भएको, गजुर सहित | ढुङ्गा | १ वटा |

पेश गरिएको दररेट पालिकाको लागत अनुमान (Estimate) स्वीकृतिका लागि मुख्य आधार मानिनेछ।

.........................................
(ओम प्रकाश देवकोटा)
प्रमुख प्रशासकीय अधिकृत

**ओम प्रकाश देवकोटा**
**प्रमुख प्रशासकीय अधिकृत**